मिति : २०७५/१२/२५ गते

प्रस्तावहरु

१. नगर सभा सम्बन्धमा ।
२. स्वास्थ्य खोप केन्द्र सम्बन्धमा ।
३. धार्मिक विकास कार्यक्रम सम्बन्धमा ।
४. स्वास्थ्य शिविर सम्बन्धमा ।
५. खरको छाना कार्यक्रम सम्बन्धमा ।
६. खानेपानीको लागि रकम विनियोजन सम्बन्धमा ।
७. नगर प्रमुख फूटबल र भलिवल कार्यक्रम सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. रकम विनियोजन सम्बन्धमा ।
१०. महिला स्वरोजगार कार्यक्रम सम्बन्धमा ।
११. योजना संशोधन सम्बन्धमा

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको चौथो नगर सभा मिति २०७६ साल बैशाख ९ गते गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व.०७५/७६ को सशर्त कार्यक्रम अर्न्तगतको यस न.पा.मा २ वटा खोपकेन्द्र निर्माणको लागि प्राप्त रकमबाट निम्न बमोजिमका स्थानमा खोप केन्द्र निर्माणको लागि निम्न बमोजिमको रकम खर्च गर्ने निर्णय गरियो ।

क) कल्याङ्गवेशी खोप केन्द्र वडा नं ८ रु ३ लाख
ख) न्यौपानेबेशी खोपकेन्द्र वडा नं ४ रु ३ लाख

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा नगर सभा बाट विनियोजित धार्मिक विकास कार्यक्रममा रहेको रु २० लाख रकम मध्येबाट निम्न कार्यक्रमहरुमा निम्न बमोजिमको रकम खर्च गर्ने निर्णय गरियो ।

क) मध्यनेपाल नगरपालिकका भित्र ढुङ्गा, गिट्टी, बालुवाको खानी पहिचान तथा उत्खनन् एवं भू उपयोग नीति र सोको कार्यविधि निर्माणका लागि रु ५ लाख ।

ख) राक्से कालिका र ईशानेश्वर धार्मिक महोत्सवमा यातायात र प्रचार प्रसार खर्चको लागि रु ३ लाख ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा रिभरसाइड स्वास्थ्य केन्द्रले आयोजना गरेको महिलाहरुको पाठेघरको क्यान्सर जाँच सम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमको लागि रु १ लाख मौज्दात रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकामा खरको छाना मुक्त गर्ने कार्यक्रम अर्न्तगत यस वर्ष न.पा. भित्रका ४० घरधुरीलाई अनुदान उपलब्ध गराउने र सोको लागि वडाहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्ये बाट नगर प्रमुखको सिफारिसमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं ६ भोर्लेटार को खानेपानीको लाइनमा वर्षात्को समयमा आएको बाढी पहिरोबाट क्षति भएकोले सोको मर्मत एवं सुधारको लागि नगरसभाबाट विनियोजित नगर प्रमुख विपद व्यवस्थापन कार्यक्रमबाट भोर्लेटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा नगर प्रमुख फूटवल र भलिवल कार्यक्रम बाट निम्न कार्यक्रमहरुमा निम्न बमोजिम रकम छुट्याउने निर्णय गरियो ।

क) क्रियटिभ युथ क्लब वडा नं ८ ले आयोजना गरेको फूटबल प्रतियोगितालाई रु १ लाख

ख) क्षितिज युवा क्लब वडा नं  २ लाई रु १ लाख

ग) बाँकी रकम रु १ लाख बाट खेलकुद सामाग्रीहरु खरिद गर्ने ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाका वडा नं ५ बस्ने रिता थापाको छोरा वर्ष १४ का अनमोल थापाको मिति २०७५/१२/१२ गते बिजुलीको पोलबाट करेन्ट लागि मृत्यु भएकोले मृतकका परिवारलाई रु १ लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस नगरपालिका भित्र निम्न बमोजिमका कार्यक्रमहरुलाई मौज्दात रकमबाट खर्च गर्ने गरी निम्न बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| ➢ गणेश टोल खानेपानी कल्याङ्गबेशी वडा नं ८ | रु १ लाख |
| ➢ ढाड कुलो निर्माण बाँग्रेवेशी वडा नं ९ | रु १ लाख |
| ➢ चनौटे आमा समूह वडा नं ९ | रु १ लाख |
| ➢ गुम्बा बेशी पाइप खरिद वडा नं ६ | रु ५० हजार |
| ➢ नागभैरव पूजा व्यवस्थापन वडा नं ५ | रु ५० हजार |
| ➢ स्वास्थ्य सम्बन्धी विविध कार्यक्रमहरु संचालनको लागि | रु ५ लाख |
| ➢ अद्वैत संस्था वडा नं १० | रु ५० हजार |
| ➢ समाहा बाट पौलटार-शेरा चौतारसम्म मोटर बाटो वडा नं ४ | रु १ लाख |
| ➢ विन्ध्येश्वरी प्राथमिक विद्यालय स्याउलीबजार | रु १ लाख |

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा नगर सभाबाट विनियोजित नगर प्रमुख महिला स्वरोजगार कार्यक्रमको रकम वितरणका लागि न.पा.बाट प्रकाशित सूचना अनुसार प्रस्ताव पेश भएका देहाय बमोजिमका महिला उद्यमी, व्यक्ति तथा संस्थालाई देहाय बमोजिम अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| ➢ चक्रवती आमा समूह वडा नं ९ | रु १ लाख |
| ➢ जनविकास आमा समूह वडा नं ९ | रु १ लाख |
| ➢ विश्वकर्मा समाज वडा नं ७ | रु १ लाख |
| ➢ मध्यविन्दु तथा सिलाई तथा प्रशिक्षण केन्द्र वडा नं. ४ | रु १ लाख ५० हजार |
| ➢ महिला जागरण कृषक समूह वडा नं २ | रु २ लाख ५० हजार |
| ➢ आलु खेती समूह ईशानेश्वर वडा नं ७ | रु २ लाख |
| ➢ बिजुला बोटे वडा नं ४ | रु १ लाख |

- नवज्योति आमा समूह वडा नं ६ रु १ लाख ५० हजार
- थ्रि स्टार सिलाई कटाई उद्योग वडा नं ४ रु ५० हजार
- कर्मठ महिला बहुउद्धेशीय सहकारी संस्था वडा नं ४ रु १ लाख ५० हजार
- झरीखलक आमा समूह वडा नं ९ रु १ लाख
- सालडाँडा आमा समूह वडा नं ९ रु १ लाख
- सुनधारा दलित आमा समूह वडा नं १० रु १ लाख
- बाल कन्या आमा समूह वडा नं. ५ रु १ लाख
- खनु माया शाही वडा नं ५ रु ५० हजार
- चेतनशील आमा समूह वडा नं ५ रु १ लाख ५० हजार
- पराजुलीबेशी आमा समूह वडा नं ५ रु १ लाख
- भगवती भुसाल वडा नं २ रु ५० हजार
- हरियाली आमा समूह वडा नं १० रु १ लाख ५० हजार
- महिला उद्यमशिल तालिम केन्द्र वडा नं ६ रु १ लाख
- शिवगौरी आमा समूह वडा नं ९ रु १ लाख
- सप्तधारा सामाजिक उद्यमी महिला सहकारी संस्था वडा नं १ रु २ लाख ५० हजार
- सोविता जोशी श्रेष्ठ वडा नं ५ रु ५० हजार
- स्वालम्वन महिला समूह वडा नं ६ रु १ लाख ५० हजार
- नानु माया श्रेष्ठ वडा नं ३ रु ५० हजार

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा यस नगरपालिका भित्रका देहाय बमोजिमका कार्यक्रमहरु देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

क) यस मध्यनेपाल नगरपालिकाको वडा नं ४ स्थित मादी बेशी तरकारी खेती विद्युत विस्तारको लागि छुट्याइएको रकम रु १ लाखको कार्यक्रमलाई संशोधन गरी मादी बेशी कृषि सडक निर्माण कायम गर्ने ।

ख) वडा नं १ को कोटघर निर्माणको लागि विनियोजन भएको रकम रु १ लाख उक्त योजनाको लागि कम भएको हुदाँ सोही वडाको वडा कार्यालयको गेट निर्माण कार्यक्रमको लागि छुट्याइएको रकम रु १ लाख पनि कोटघर निर्माण योजनामा स्थानान्तरण गर्ने ।

ग) वडा नं १ को सप्तधारा मा.वि. ढलानको लागि छुट्याइएको रु १ लाख लाई सोही विद्यालयको फर्निचर तथा अफिसियल सामाग्री खरिद गर्ने गरी योजना संशोधन गर्ने ।